# आर्थिक वर्ष २०८२/०८३ को

# नीति तथा कार्यक्रम

कालिकामाई गाउँपालिका

हरिहरपुरबिर्ता, पर्सा

मधेश प्रदेश, नेपाल

२०८२/०२/१९

गाउँपालिका उपाध्यक्ष श्री राजमती देवी बरैनीले

प्रस्तुत गर्नु भएको

# आर्थिक बर्ष २०८२/०८३ को

# नीति तथा कार्यक्रम

कालिकामाई गाउँपालिका

हरिहरपुरबिर्ता, पर्सा

मधेश प्रदेश, नेपाल

२०८२/०२/१९

गाँउपालिकाका अध्यक्षज्यू,

प्रमुख प्रशासकीय अधिकृतज्यू,

गाँउ सभाका सम्पूर्ण सदस्यज्यूहरु,

यस गाउँपालिकाका सम्पूर्ण कर्मचारीज्यूहरु,

सुरक्षाकर्मीहरु, पत्रकार मित्रहरु लगायत आजको यस कार्यक्रममा उपस्थित सम्पूर्णमा मेरो व्यक्तिगत तर्फबाट तथा कालिकामाई गाउँपालिकाको तर्फबाट न्यानो अभिवादन गर्दछु ।

यस गरिमामय गाँउ सभामा सबैलाई हार्दिक स्वागत समेत गर्दछु । सर्वप्रथम म राष्ट्रिय अखण्डता, संघीयता, राष्ट्रियहित, लोकतान्त्रिक गणतन्त्र र अग्रगामी परिवर्तनका लागि भएका ऐतिहासिक जनआन्दोलन तथा मधेश र मधेशी, थारु र थरुहटको स्वायतत्ता र अधिकारका लागि भएका महान जनआन्दोलन,मधेश आन्दोलनका क्रममा आफनो प्राणको अहुती दिने सम्पूर्ण ज्ञात अज्ञात वीर भूमिपुत्र शहीदहरु प्रति भाव पूर्ण श्रद्धाञ्जली अर्पणगर्दछु । साथै आन्दोलनको क्रममा घाइते भएका आन्दोलनकारी योद्धाहरुको सिघ्र स्वास्थ्य लाभ र दिघार्युको कामना गर्दछु ।

नेपालमा संविधान सभाबाट घोषणा भएको पहिलो संघीय संविधानको व्यवस्था अनुसार भएको दोस्रोस्थानीय निर्वाचनबाट हामी जनप्रतिनिधिहरु निर्वाचित भएका छौं । संवैधानिक रुपमा अधिकार सम्पन्न स्थानीय सरकारको तर्फबाट ९ औ पटक यस सार्वभौम गाँउसभाको नीति तथा कार्यक्रमप्रस्तुत गर्ने कार्यक्रममा आफ्नो मन्तब्य राख्न पाउँदा गौरवको अनुभूति गरेको छु । यो सौभाग्य र अवसर जुराई दिन **गाउँपालिका उपाध्यक्ष** जस्तो गरिमामय पदमा आफनो अमूल्य मत दिई मलाई निर्वाचित गराउनु हुने समस्त कालिकामाईगाँउपालिकावासीलाई म हृदय देखि नै कृतज्ञता तथा आभारका साथ धन्यवाद ज्ञापन गर्दछु ।

संघ, प्रदेश र स्थानीय तहबीचको सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्दै सहभागितामूलक शासन व्यवस्था मार्फत लोकतान्त्रिक गणतन्त्रका लाभांसहरु समानुपातिक समावेशी हिसाबले जनताको घर दैलोमा पुर्याउने तथा कार्यकारिणी , विधायकी र न्यायिक अधिकारको सन्तुलित अभ्यास गरी स्थानीय नेतृत्वको विकास गर्ने र स्थानीय शासन पद्धतिलाई सुदृढ, सेवामूलक, जनउत्तरदायी, पारदर्शी र चुस्त बनाई सुशासन कायम गर्ने उद्देश्य स्थानीय सरकारको रहेको छ । यो उद्देश्य जसरी भएपनि पुरा गर्ने अठोट हामी सबै जनप्रतिनिधिले लिएका छौं र जनादेशलाई आत्मसाथ गर्दै अघि बढन हामी सबै प्रतिवद्ध छौ ।

आदरणीय महानुभावहरु,

अब म आगामी आ.ब. २०८२/०८३ को लागि **"नीति तथा कार्यक्रमहरु"** प्रस्तुत गर्न अनुमति चाहन्छु ।

**क) स्थानीय तहको अधिकार कार्यान्वयन**

१. स्थानीय तहका अधिकार कार्यान्वयनका लागि आवश्यक पर्ने निति, कानुन तथा संरचनाहरु निर्माण गरिनेछ ।

२. स्थानीय नेतृत्वको विकास गरिनेछ ।

३.विकासका लाभहरुलाई सामानुपातिक, समावेशी र न्यायोचित तरीकाले जनतामा वितरण गरिनेछ ।

४.विधायकी, कार्यकारिणी र न्यायिक अधिकारको सन्तुलित अभ्यास गरिनेछ ।

५. स्थानीय तहको सेवा प्रवाहमा जनताको पहुँच अभिवृद्धि गरिनेछ ।

६.स्थानिय तहका जनप्रतिनिधि,राजनैतिक दल,उपभोक्ता समिति र स्थानिय अगुवाहरुको क्षमता विकास र नेतृत्व विकासमा जोड दिइनेछ ।

**ख) भौतिक पूर्वाधार तथा संरचना विकास :**

१. दिगो नतिजामूलक विकासको लागि आवश्यक गुरुयोजना(Master Plan) तयार गरी अगामी वर्ष आवधिक गाँउ विकास योजना , भु-उपयोग योजना एवं प्रकोप व्यवस्थापन योजना निर्माण गरी कार्यान्वयनमा जोड दिईने छ ।

२. सम्भावित प्रकोप , दुर्घटना र आम गाँउवासीको सुरक्षाको लागि शहरी विकास मन्त्रालयबाट जारी राष्ट्रिय भवन सहिता एवं भवन निर्माण मापदण्डबारे सचेतीकरण गरिनेछ ।

३.यस गाउँपालिकको हरेक वडालाई जोडने रिङ्ग रोडको सम्भाव्यता अध्ययन गरी सोको निर्माण गर्नयोजना बनाइने छ ।

४. खानेपानी , विद्युत पोल , ढल र सडकको स्तरोन्नती गरीनुका साथै प्रमुख सडकहरुलाई कम्तिमा ३० (तीस) फिट फराकिलो गरिनेछ |

५. विकास निर्माणमा प्रयोग हुने निर्माण सामाग्री र कच्चा पदार्थ गाँउस्तरीय मापदण्ड तोकी सोही बमोजिम मात्र प्रयोगमा ल्याई पूर्वाधार विकासको गुणस्तर कायम गरिने छ ।

६. आकस्मीक मर्मत संभारको लागि मर्मत संभारकोषको व्यवस्था गरी संचालनमा ल्याईने छ ।

७. गाँउमा संचालन हुने सबै आयोजना र कार्यक्रमहरु सम्भाव्यता , स्थानिय आवश्यकता र प्राथमिकता एवं लाभान्वित वर्गको चाहना अनुरुप वातावरण मैत्री पूर्वाधार विकास हुने गरी विधि सम्मत प्रकृयाबाट संचालन गरिने छ ।

८. ५ लाख भन्दा माथिका आयोजनाहरुमा आयोजना स्थलमा योजना सम्बन्धि जानकारी गराउन अनिवार्य रुपमा विस्तृत विवरण सहित होर्डिङ्ग बोर्ड लगाईने छ ।

९. वढ्दो सार्वजानिक जग्गा तथा सडक अतिक्रमणलाई स्थानिय जनसहभागितामा नियन्त्रण गरी ऐतिहासिक, धार्मिक स्थलहरुका साथै सार्वजानिक जग्गाहरु खोजी संरक्षण गरिने छ ।

१०. प्रत्येक वर्ष उत्कृष्ट कार्य गर्ने उपभोक्ता समितिलाई पुरस्कृत गर्ने र खराब आचरण भएका उपभोक्ता र सहयोगीहरुलाई दण्ड सजाय गर्ने नीति लिई गुणस्तरीय विकास निमार्णमा जोड दिईने छ ।

११. एक गाँउ एक बहु-उपयोगी पोखरीको अवधारणा अनुसार यस गाँउको सबै पोखरीलाई रमणिय र धार्मिक तथा पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न गुरुयोजना वनाई बजेट व्यवस्थापनका लागि सम्बन्धित निकायमा पहल गरिने छ ।

१२.सिचाईका मुहानहरु सुक्दै गएको र वर्तमान अवस्थामा कृषकहरुको हकहितलाई ध्यानमा राखी गाँउ भित्रका सिचाँई बाँध तथा पैनीहरुको मुहान संरक्षण ,मर्मत संभार तथा सिचाई सुविधाको लागि सम्बन्धित निकायमा पहल गरिने छ ।

१३. गाँउक्षेत्रको उपर्युक्त स्थानमा भ्यु टावर निर्माणको सम्भाव्यता अध्ययन तथा वजेट व्यवस्थापनको लागि आवश्यक पहल गरिने छ ।

१४.गाँउपालिकाको स्रोत साधनले सम्भव नहुने योजनाहरुलाई प्रदेश तथा केन्द्र स्तरका सम्बन्धित निकायमा योजना कार्यान्वयनका लागि सिफारिस गरी पठाईने छ ।

१५. गाँउपालिकाको उपयुक्त स्थान छनौट गरी सवारी साधन पार्किङ्गको व्यवस्था अविलम्ब मिलाइने छ

ग) लैंगिक समानता तथा सामाजिक समावेशीकरण :

:१. सवै लक्षित वर्गको पूर्वाधार विकासको लागि विनियोजित रकमबाट छनोट गरीएका आयोजना र कार्यक्रमहरु सम्बन्धित लक्षित वर्गकै सहभागितामा संचालन गरिने छ ।

२. विपन्न तथा पिछडिएका वर्गका महिलाहरुलाई लक्षित गरी समग्र महिलाहरुको सशक्तिकरण र क्षमता विकास सम्बन्धि कार्यक्रम संचालन गरिने छ ।

३. बालमैत्री स्थानिय शासनको अवधारणालाई संस्थागत विकास गर्ने निति लिईने छ ।

४. बाल संजाल एवं बालबालिकाको क्षमता विकास सम्बन्धि कार्यक्रमलाई प्राथमिकताका साथ कार्यान्वयन गरिने छ ।

५. बालिकाहरुको शिक्षाको हक कार्यान्यन गर्न बालिकाहरुको लागि बिशेष व्यवस्थागरिने छ।

६. आपाङ्गहरुका लागि सहायक सामाग्री वितरण गर्नका साथै आपाङ्ग गाँउ संजाल गठन गरिनेछ ।

७. जेष्ठ नागरिकहरुको सामाजिक पहिचान , सम्मान एवं सामाजिक सुरक्षमा विषेश जोड दिईने छ ।

८.दलित एवं आदिवासी, अल्पसंख्यक,मुस्लिम , पिछडा वर्ग आदिकोहक अधिकारको प्रर्वद्धन एवं निर्णय प्रक्रियामा सहभागिता अभिवृद्धि गर्दै सशक्तिकरणका कार्यक्रमहरु संचालन गरिने छ ।

घ) वातावरण संरक्षण , खानेपानी तथा सरसफाई

१. " पवित्र , सुन्दर ,समृद्ध कालिकामाई " भन्ने नारालाई सार्थक तुल्याई गाँउपालिकालाई पूर्ण सरसफाई युक्त बनाउन खुला दिशा मुक्त सम्बन्धि कार्यक्रमहरु संचालन गरी यथा शिघ्र खुला दिशा मुक्त क्षेत्र घोषणा गर्दै सरसफाईमा नमुना गाउँपालिकाको रुपमा स्थापित गरिने छ ।

२. खाली पर्ती जग्गा तथा सडकको दायाँ बाँया उपभोक्ता समुह ,गाउँपालिका परिवार, जनप्रतिनिधि, विद्यालय परिवार र नागरिक समाज मार्फत वृक्षारोपन कार्यक्रम संचालन गरी हरियाली प्रवर्द्धन गरिने छ ।

३. शौचालय बनाई प्रयोगमा ल्याएका घर परिवारलाई यथाशिघ्र सरसफाई कार्ड वितरण गरी उक्त कार्डलाई गाँउपालिकाले प्रदान गर्ने सेवा प्रवाहमा अनिवार्य गरिने छ । साथै शौचालय नभएका घर धुरीलाई जनचेतना अभिवृद्धि गरी शौचालय निमार्णमा आवश्यक सहयोग गरिने छ । साथै वातावरण मैत्री स्थानीय शासनका सूचकहरु पुरा गराउने गरी सरसफाई अभियानलाई सामाजिक आन्दोलनको रुपमा अघि बढाईने छ ।

४. सरसफाई सम्बन्धी बानी व्यहोरा परिवर्तन गर्न जनचेतना मूलक कार्यक्रम संचालन गरिने छ ।

५. जग्गा नभएका नागरिकहरुको हकमा समुदायमा आधारित शौचालयको निमार्ण गरी त्यसको संचालन तथा सम्बर्द्धनको लागि सरोकारवाला निकायमा हस्तान्तरण गरिने छ ।

६. ढल , नाला तथा लैण्ड फिल साईट व्यवस्थापनमा आवश्यक पहल गरिने छ ।

७. जथाभावी फोहर गर्ने , सार्वजानिक स्थान र सडकहरुमा अवरोध हुने गरी पशु चौपाया छोड्ने, बाटोमा चौपाया बाँध्ने तथा निर्माण सामाग्री राख्ने लाई फोहर मैला व्यवस्थापन ऐन तथा नियमावली अनुसार कार्यावाही गरिने छ ।

ङ) शिक्षा तथा खेलकुद , मनोरञ्जन :

१. राष्ट्रिय साक्षरता अभियानलाई प्रभावकारी बनाई यथाशिघ्र निरक्षरता उन्मुलन गरिने छ ।

२. सामुदायिक विद्यालयहरुको भौत्तिक पूर्वाधार विकास र शौचालय निर्माणका लागि आवश्यक अनुदान उपलब्ध गराइनेछ ।

३. शिक्षा क्षेत्रको खसकिदो गुणस्तरलाई ध्यानमा राख्दै गाँउका सवै शिक्षण संस्थाहरुको नियमित अनुगमन र नियमन गर्दै गुणस्तरीय शिक्षामा जोड दिईने छ ।

४. गाँउक्षेत्रका सामुदायिक विधालयहरुमा कक्षा तीन सम्म अनिवार्य रुपमा अंग्रेजी माध्यममा पठन-पाठन गराउन आवश्यक व्यवस्थापन गरिनेछ।

५. शिक्षकहरुकालागि तालिमको व्यवस्था गरिनेछ ।

६. छात्राहरुलाई प्रोत्साहन गर्न कक्षा ८ देखि निशुल्क साईकल वितरण गरिनेछ ।

७. गाँउका सम्पूर्ण सामुदायिक मा.वि. मा अनिवार्य विधुतीय हाजिरीको व्यवस्था कार्यान्वयनमा ल्याइनेछ ।

८. विद्यालयहरुमा कम्प्युटरर प्रिन्टर उपलब्ध गराइनेछ ।

९. बाल विकासका शिक्षक र विधालयका कार्यालय सहयोगीहरुलाई प्रोत्साहन गर्न मासिक तलबमा एकमुस्ट रु.७०००/- वृद्धि गरिनेछ |

१०. पोशाक भत्ता नपाउने अन्य कर्मचारीहरुलाई रु. १००००/- पोशाक भत्ता दिईनेछ |

११. गाँउ क्षेत्रबाट उत्कृष्ट नतिजा ल्याउँने शिक्षण संस्था तथा उत्कृष्ट छात्र छात्राहरुलाई पुरस्कार र सम्मानको व्यवस्था गरी प्रोत्साहन गरीने छ ।

१२.. खेलकुद क्षेत्रको विकासको लागि गाँउका सवै वडामा खेल मैदानको व्यवस्थापन , वजार क्षेत्रमा कर्वड हल तथा खेल मैदानलाई संरक्षण गरी क्षेत्रिय रङ्गशालाको रुपमा विकास गर्न गुरु योजना बनाई सम्बन्धित निकायमा वजेट व्यवस्थापनको लागि पहल गरिने छ ।

१३. राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका खेल कुदमा भाग लिने गाँउ क्षेत्र भित्रका उत्कृष्ट खेलाडी तथा जित हासिल गराउँन सहयोग पुर्याउँने प्रशिक्षकज्यूहरुलाई प्रोत्साहन गर्न पुरस्कार र सम्मानको व्यवस्था मिलाईने छ ।

१४.आवशयकता र कार्यक्षमताको आधारमा शिक्षकहरुको सरुवा गरिनेछ ।

च) स्वास्थ्य

१. गाँउपालिका क्षेत्रमा जनस्वास्थ्यसंग सम्बन्धित क्रियाकलापहरु संचालन गर्ने सवै सरकारी तथा गैरसरकारी संघ संस्था तथा निजि क्षेत्रहरु संग समन्वय गरी गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहलाई प्रोत्साहन गरिने छ ।

२. सम्पूर्ण स्वस्थ चौकीहरुलाई सुबिधा सम्पन्न बनाउनुका साथै सर्वसाधारणलाई निशुल्क वितरण गरिने औषधीको पर्याप्त व्यवस्था गरिने छ |

३.सस्तो दरमा एम्बुलेन्स सेवा उपलब्ध गराउनुका साथै गर्भवती महिलाहरुको लागि निशुल्क एम्बुलेन्स सेवाको व्यवस्था मिलाईने छ |

४. १५ शैयाको अस्पताल निर्माण गर्न आवश्यक पहल गरिनेछ ।

छ) कृषि तथा पशु विकास :

१. निर्वाहमुखि खेती प्रणालीलाई व्यवसायिक कृषि प्रणाली तर्फ उन्मुख गर्न आवश्यक पहल गरिने छ ।

२. आर्गानिक तरकारी खेती तथा प्राङ्गारिक खेति कार्यक्रममा आवश्यक सहयोग गर्दै यस गाँउमा युवा स्वः रोजगार कार्यक्रम संचालन गर्न सम्बन्धित निकायमा पहल गरिने छ ।

३. उन्नत पशुपालन, पशु विमा,बाली बिमा, गोठ तथा भकारी सुधार जस्ता कार्यक्रमहरु संचालनमा विषेश पहल गरिने छ ।

४.कृषि तथा पशुपालनको प्रचुर सम्भावना रहेको र युवाहरु यस क्षेत्रमा आकर्षित समेत भएकोले यस सम्बन्धि प्राविधिक शिक्षाको लागि कृषि तथा पशु प्राविधिक शिक्षालय स्थापनाको लागि सम्बन्धित निकायमा आवश्यक पहल गरीने छ ।

५. कृषि बिधुतीकरणको लागि पोल र तार खरिद गर्न पर्याप्त रकम विनियोजन गरिनेछ।

६. किसानहरुलाई समयमै मल, खाध उपलब्ध गराउन सम्बन्धित निकायमा पहल गरिनेछ |

७. गरिब किसानहरुलाई खेती किसानी गर्नको लागि बढीमा ६ महिनाको लागि न्युनतम १० हजार देखि बढीमा २५ हजारसम्म सहुलियत रीण उपलब्ध गराईनेछ |

**ज) विपद् व्यवस्थापन वन र भु संरक्षण :**

१. विपद् व्यवस्थापन विशेष कोषमा रकम विनियोजन गरी आकस्मीक विपद्हरुमा सम्बन्धित निकायहरु संग समन्वय गरी सहयोग पुर्याईने छ ।

२. सम्भाब्य विपद् सम्बन्धि जनचेतना विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माण र कार्यान्वयनमा पहल गरिने छ ।

३. जलवायु परिवर्तन अनुकुलन कार्य योजना निर्माण गर्न आवश्यक पहल एवं सम्बन्धित निकाय र संघ संस्थाहरु संग समन्वय गरिने छ ।

४. नदी कटान र बाढी पहिरो प्रभावित क्षेत्रको अध्ययन गरी नियन्त्रणात्मक कार्यक्रम संचालनमा जोड दिईने छ ।

५. सार्वजानिक पर्ति जग्गाहरुको खोजी गरी संरक्षण र वृक्षा रोपन गर्ने तथा हरियाली प्रवर्द्धन गर्दै जाने रसार्वजनिक स्थलको रुख कटानीमा नियन्त्रण गरिनेछ ।

**झ) सहकारी क्षेत्रको विकास , गरिवी न्युनीकरण र पर्यटन प्रवर्द्धन :**

१. सहभागिताको माध्यमबाट ग्रामिण क्षेत्रमा समेत सहकारी क्षेत्रको परिचय र विकासका वारेमा सामाजिक परिचालन मार्फत सचेतिकरण कार्यक्रम संचालन गरिने छ ।

२. विपन्न लक्षित समुहका लागि आय मूलक र सीपमूलक तालिम प्रदान गरी लघुउद्यम संचालन र विकासको लागि प्राविधिक सहयोग गरी गरिवी न्युनीकरणमा टेवा पुर्याइने छ ।

३. गाँउमा हुने विकास निर्माणका कार्यमा स्थानिय सिप,साधन र श्रोतको उपयोगलाई प्राथमिकता दिईने छ ।

४.कालिकामाई मन्दिर लगायत अन्य सबै मठ मन्दिरका साथै स्थानीय कला संस्कृतिकोविकास र प्रवर्द्धन गरी धार्मिक पर्यटकीय गणतब्यको रुपमा विकास गर्ने।

५. कालिकामाई मन्दिर एरियालाई पर्यटकिय क्षेत्र तथा पिकनिक स्पोटको रुपमा विकास गरिनेछ |

६. गाँउ क्षेत्र भित्र अन्य पर्यटकिय क्षेत्रको पहिचान गरी कार्य योजना सहित सम्बन्धित निकायमा वजेट व्यवस्थापनको लागि पहल गरिने छ ।

ञ) सिचाई

१.साना सिंचाईका कार्यक्रमहरु कृषकको माग अनुसार कार्यान्वयन गरिनेछ ।

२. कुलो तथा पैनीहरुको निमार्ण तथा जिर्णोद्धार गरिनेछ ।

३. यस पालिका अन्तर्गत संचालित सिंचाईका योजना तथा कार्यक्रमहरुलाई आन्तरिकिकरण गरिनेछ |

ट) संस्कृति प्रवर्द्धन र सम्वर्धन :

१.**भोजपुरी** भाषालाई दोस्रो कामकाजी भाषाको रुपमा विकास गरिनेछ ।

२.स्थानीय जातीहरुको धर्म,संस्कृति रस्थानीय परिवेश अनुसारका विभिन्न सामाजिक सांस्कृतिक विकास कार्यक्रम संचालन गरिनेछ ।

३.गाँउक्षेत्र भित्रका सांस्कृतिक सम्पदाको पहिचान गरी संरक्षण र सम्वर्द्धन गरिनेछ ।

४.वैवाहिक समारोह व्यवस्थित गर्न गाँउक्षेत्र भित्र विवाह मन्ड़प निर्माण गरिनेछ ।

ठ) उधोग

१.गाँउभित्रका संचालित व्यवसायलाई अनिवार्य दर्ताकालागि घुम्ती टोली संचालन गरिनेछ ।

२.लघु तथा घरेलु उद्योग प्रवर्द्धन गर्न सचेतना सीपविकास जस्ता कार्यक्रम संचालन गरिनेछ ।

३.पिछडिएका ग्रामिण महिला लक्षित उद्यमशीलतामा जोड दिइनेछ ।

४.नियमित बजार अनुगमनका कार्यक्रम संचालन गरिनेछन ।

५.युवा स्वरोजगार कार्यक्रम संचालन गरियुवाहरुलाई गाउँमै रोजगार संचालन गर्न सहुलियत दरमा बिना धितो रु ५० हजारदेखि १ लाखसम्म रकम उपलब्ध गराईनेछ ।

ड)सूचना प्रविधि :

१.गाँउपालिकाको ५ वटै वडाहरुलाई फ्रि वाई-फाई जोनको रुपमा विकास गरिनेछ ।

२.विद्युतीय शासनको अवधारणा अनुसार गाँउपालिकाबाट सेवा प्रवाह गराइने छ ।

३.एकिकृत सम्पति कर लागु गर्न आवश्यक सफटवेयर तथा प्रविधिको व्यवस्था गरिनेछ ।

४.वडा कार्यालयहरु मार्फत नै कर, पंजिकरण तथा सामाजिक सुरक्षाको सेवा अनलाईन मार्फत प्रवाह गरिनेछ।

५. गाउँपालिका कार्यालय, वडा कार्यालयहरु, स्वास्थ चौकीहरु र सामुदायिक विधालयहरुलाई पूर्ण रुपमा सूचना प्रविधिमैत्री बनाईनेछ |

**ढ)विद्युत तथा वैकल्पिक ऊर्जा**

१.गाँउलाई उज्यालो गाउँ बनाउन बैकल्पिक ऊर्जाको प्रयोग गर्ने नीतिलाई विभिन्न गै.स.स.को सहयोगमा कार्यान्वयनमा ल्याउन आवश्यक पहल गरिनेछ।
२.बैकल्पिक ऊर्जाको अवस्था, सम्भावना र अवसरहरुको व्यवस्थापन गरिनेछ।
३.गाउँपालिकाको सबै विधुतीय पोलहरुमासडक बती जडान गरीनेछ।

**ण) राजश्व सम्भाव्यता , बजार र वित्तिय व्यवस्थापन :**

१. गाँउवासीले तिर्ने कर शुल्क नै गाँउ समृद्धीको आधार हो , भन्ने तथ्यलाई मनन गर्दै नतिजा मूलक दिगो विकासका लागि श्रोत जुटाउन गाँउवासीहरुलाई वोझ नहुने र सर्व स्वीकार्य हुने गरी सरल वैज्ञनिक र प्रभावकारी कर प्रणली मार्फत दर रेट कायम गरी गाँउको दिगो श्रोतको रुपमा एकिकृत सम्पत्ति कर अगामी आ.व. देखि लागू गरी सवै गाँउवासीहरुलाई करको दायरामा ल्याईने छ।

२. नापी नक्सा भई फिल्ड बुकमा रेकर्ड भएका तर श्रेस्ता कायम नभएका प्रसस्त जग्गाहरु रहेको र उक्त जग्गामा बर्षो देखि खन-जोत र वसोवास गर्दै आएका आम गाँउवासीहरु गाँउपालिकाबाट प्रदान गरिने सेवा सुविधाबाट कानुनी रुपमा वञ्चित हुनु परिरहेको दुखद अवस्थालाई मध्य नजर गर्दै उनिहरुको भविष्यको सुनिश्चितत्ता र सेवा प्रवाहको लागि सम्बन्धित निकाय संग समन्वय गरी विद्यमान समस्या सामाधानका लागि सिघ्र पहल गरिने छ।

३. गाँउपालिकाबाट प्रदान गरिने सेवा सुविधालाई राजश्व शाखासंग आवद्ध गरिने कार्यलाई प्रभावकारी बनाईने छ।

४. उधोग वाणिज्य संघसंगको सहकार्य र समन्वयमा व्यवसाय करलाई व्यवस्थित र प्रभावकारी बनाई सबै व्यवसायलाई करको दायरामा ल्याईने छ।

५. नियमितकर तिर्ने कर दाताहरुको अभिलेख राखी निजहरुलाई विषेश रुपले पुरस्कृत र सम्मान गर्ने व्यवस्था मिलाईने छ।

६. गाँउपालिकाका विविध सेवाहरु उपलब्ध गराउन अतिरिक्त दस्तुर लिई घर दैलो सेवा उपलब्ध गराईने निति अवलम्बन गरिने छ ।

७. कर संकलन कार्यमा संलग्न कर्मचारीहरुलाई प्रोत्साहित गर्न वार्षिक लक्ष्य भन्दा बढी कर संकलन भएमा लक्ष्य भन्दा बढी संकलन भएको रकमबाट गाँउ कार्यपालिकाको निर्णय अनुसार उत्कृष्ट कार्य गर्ने कर्मचारीहरुलाई प्रोत्साहन पुरस्कार उपलब्ध गराउनुको साथै दरवन्दी अनुसार पद पुर्ति नभएको अवस्थामा कार्यालय समय वाहेक समेत कार्यालयको काममा खटिने अन्य कर्मचारीहरुलाई समेत उचित सुविधा उपलब्ध गराईने छ ।

८. राष्ट्रिय भवन सहिंता र भवन निर्माण मापदण्ड बमोजिम बनेका पुराना घरहरुको नक्सा पास गर्ने , नयाँ भवन संरचनाहरु मापदण्ड बमोजिम बनाउन नक्सा पास गरी स्वीकृति दिने एवं मापदण्ड नपुगेका गाँउपालिका घोषणा हुनु आगावै बनेका पुराना घर संरचनाहरु सार्वजानिक जग्गा र सडकमा पर्ने भए सुधार गर्न लगाई अन्यको हकमा लगत लिई गाँउपालिकाले तोके अनुसारको राजस्व अशुल गरी अभिलेखीकरण गरी गाँउपालिका घोषना हुनु पुर्व र पछि वनेका घरहरुको रेकर्ड आधावधिक गरिने छ ।

९. नक्सा पास नगरि र स्वीकृती विना आफु खुशी बनाएका घर संरचनाहरु मापदण्ड विपरित भए निजकै खर्चमा भत्काउँन लगाई नियमानुसार संरचना धनिलाई दण्ड जरिवाना गरी कानुनी दायरामा ल्याई व्यवस्थित पालिका विकासमा जोड दिईने छ । साथै मापदन्ड भित्र निर्माण भएका तर स्विकृत नलिएकाको हकमा यहि २०८२ चैत्र मसान्त भित्र अभिलेखिकरण गरि करको दायरामा ल्याईने छ ।

१०. गाँउको क्षेत्रमा घर जग्गा भाडामा लगाउनेहरुको लगत लिई नियमानुसार वहाल कर असुल उपर गरिने छ ।

११. फोहर मैला व्यवस्थापनको लागि बजार क्षेत्र र फोहर बढि गर्नेहरु संग सरसफाई शुल्क लिई सरसफाईको व्यवस्थापन मिलाईने छ ।

१२. राजश्व सम्भाव्यता अध्ययनबाट प्राप्त सुझाव अनुसार राजश्वका अन्य क्षेत्रहरु समेत पहिचान गरी करको दर भन्दा दायरा बढाउने तर्फ पहल गर्नुको साथै नागरिकको सचेतीकरणको लागि कर शिक्षा कार्यक्रम संचालन गरिने छ ।

१३. यस गाँउ क्षेत्रमा पटके पसलहरु हाट बजार तथा अन्य सार्वजनिक सम्पत्ति गाँउपालिका बाहेक अन्य संघ संस्था तथा निकायहरुले समेत ठेक्का बन्दोवस्त गरी सो को आम्दानी लिईरहेकोमा त्यस प्रकारको गैर कानुनी कार्यलाई पुर्न रुपमा रोकी सम्पूर्ण आम्दानी रकम गाँउपालिकामा प्राप्त हुने गरी एकद्वार प्रणालीबाट राजस्व परिचालन गरिने व्यवस्था सुनिश्चित गरिने छ ।

१४. गाउँपालिकाको प्रमुख आर्थिक श्रोतको रुपमा रहेका सम्पूर्ण पोखरीहरुको मर्मत-सम्भार गर्नुका साथै व्यवस्थित ठेक्का बन्दोबस्त गरिनेछ र ठेक्का लागि सकेका पोखरीहरुको बाकी किस्ताहरु यथाशिघ्र उठाईनेछ ।

१५. वर्षो देखि बाँकि रहेका बक्यौतार पेश्की  रकम कडाईका साथ असुल उपर गरिने छ ।

<u>त) प्रशासन , सुशासन तथा पारदर्शिता :</u>

१. गाँउपालिका कार्यालयका प्रत्येक शाखाको फाईलिङ्ग, अभिलेख प्रणाली लगायत अन्य व्यवस्थापनमा समयानुकुल सुधार गर्दे लग्नुका साथै कार्यालय संगठन शाखा ,उपशाखा र कर्मचारीको विवरण तयार गरी आधावधिक गर्दै लगिने छ ।

२. पुराना पेश्की वेरुजु असुल उपर गर्दै कामको आधारमा भुक्तानी दिने व्यवस्था मिलाई विकास निमार्णको कार्यमा पेश्की वेरुजु शून्य निति अवलम्बन गरिने छ ।

३. गाँउपालिकाका कर्मचारीहरुलाई नेपाल सरकारले तोके बमोजिमको पोशाक बापत रकम उपलब्ध गराई तोकेको पोशाक र परिचय पत्र अनिवार्य रुपमा लगाउनु पर्ने व्यवस्था गरिने छ ।

४. कर्मचारीहरुको क्षमता विकास गरी कार्य सम्पादनको गुणस्तर अभिवृद्धि गरिने छ ।

५. कार्यालयका कर्मचारीहरुमा स्वच्छ आचरणको निमार्ण गरी सेवाग्रही प्रति सम्मानपूर्ण व्यवहार गर्ने नितिलाई प्रभावकारी बनाईने छ ।

६. नागरिक वडापत्रमा उल्लेख भएका सेवाहरु तोकिएको समयमा दिन गाँउपालिका प्रतिबद्ध रहने छ ।

७. गाँउपालिकाको गतिवीधिलाई विद्युतिय संचार माध्यमबाट सार्वजनिक गर्ने निति अनुरुप कार्यालयको आधिकारीक वेभ साईट तथा स्थानिय एफ एम बाट प्रसारण गरिने कार्यको सुरुवात गरिने छ ।

८. गाँउपालिकाद्वारा प्रदान गरिने सेवा सुविधालाई प्रभावकारी पारदर्शी एवं जनउत्तरदायी बनाउन सघन अनुगमन, बुलेटिन ब्रोसर प्रकाशन, सार्वजानिक सुनुवाई, सामाजिक परिक्षण, सार्वजानिक परिक्षण, प्रगति समीक्षा नियमित रुपमा गरी सु-शासनको प्रत्याभुती गरिनेछ ।

९.स्वीकृत दरवन्दी मध्ये रिक्त रहेको दरवन्दीलाई लोक सेवा आयोगको परामर्शमा पदपुर्ति गरिने छ ।

१०. गा.पा.लाई आवश्यक जनशक्ति व्यवस्था गर्न आन्तरिक आयलाई समेत विचार गरी दरवन्दी कायम गरिने छ ।

११. सेवा प्रवाहलाई विकेन्द्रीत र प्रभावकारीबनाउन वडा कार्यालयहरुकोभौतिक संरचना तथा संस्थागत विकास गरिने छ ।

आदरणीय उपस्थित महानुभावहरु ,

अन्त्यमा यस सभामा प्रस्तुत गाउँपालिकाका योजनाहरुलाई सफल र प्रभावकारी रुपमा कार्यावन्यन गर्नका लागि सम्बद्ध सबै पक्षबाट सहयोगको अपेक्षा गर्दै बार्षिक योजना तर्जुमा कार्यमा सक्रिय एवं रचनात्मक सहयोग पुर्याउनुहुने गाउँपालिका अध्यक्षज्यू,वडा अध्यक्षज्यूहरु, वडा सदस्यज्यूहरु,प्रमुख प्रशासकीय अधिकृतज्यू,बिषयगत समितिका प्रमुखज्यूहरुर यस गाउँपालिकाको कार्यालयमा कार्यरत सम्मपुर्ण कर्मचारी साथीहरुलाई बिशेष धन्यबाद दिन चाहन्छु ।

धन्यवाद ।

# “जय कालिकामाई”

राजमती देवी बरैनी

उपाध्यक्ष

कालिकामाई गाउँपालिका